# गैरआवासीय नेपाली संघ
# राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको विधान २००६

(संशोधन २००९, २०१५, २०१७, २०१९, २०२० सहित)

**प्रस्तावना**

नेपालको विकास र प्रवद्र्धनमा टेवा पुर्याउन, विश्वका विभिन्न मुलुकहरूमा बसोवास गरिरहेका गैरआवासीय नेपालीहरूको हितको पक्षपोषण गर्दै संगठित रूपले अगाडि बढ्न इस्वी सम्वत् २००३ लन्डनमा सम्पन्न गैरआवासीय नेपालीहरूको भेलामा व्यापक छलफल भई आफ्ना गतिविधिलाई समन्वय एवम् परिचालन गर्ने आधारभूत मानव अधिकारप्रति प्रतिबद्ध जिम्मेवार एक संस्था गठन हुनुपर्ने आवश्यकतालाई मनन गरी एक स्वतन्त्र, गैरनाफामूलक, गैरराजनीतिक, गैरसरकारी, चिरस्थायी संघको रूपमा स्थापित गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्को गठन भएको थियो । एनआरएनए आइसीसीको बृहत्तर दायराभित्र रही संघको उद्देश्य, काम, कर्तव्य र अधिकार पालना गर्दै कार्यसम्पादन गर्ने, यसका घोषित लक्ष्यहरू परिपूर्ति गर्न र नेदरल्याण्डमा विविध गतिविधि संचालन गर्न इस्वी सम्वत् २००६ मा नेदरल्याण्डमा राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्ड गठन गर्न यो विधान बनाइएको छ ।

## परिच्छेद-१

**१. प्रारम्भिक**

१.१ यो संघको नाम गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद नेदरल्याण्ड रहनेछ ।

१.२ संघलाई अंग्रेजीमा Non-Resident Nepali Association, National Co-ordination Council, Netherlands र छोटकरीमा NRNANCC NL भनिने छ ।

१.३ संघको मूल मन्त्र 'नेपालीका लागि नेपाली' हुनेछ ।

२. यो विधान गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डको राष्ट्रिय महाधिवेशनले पारित गरेपछि तत्काल लागू हुनेछ ।

३. संघको आफ्नो छुट्टै छाप, लेटरहेड, सदस्यता परिचयपत्र र सपथको नमुना हुनेछ ।

४. संघको कार्यालय नेदरल्याण्डमा रहनेछ । अनुकुलताका आधारमा परिवर्तन गर्न सकिने छ ।

## परिच्छेद-२

**५. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमाः

५.१ "गैरआवासीय नेपाली" भन्नाले नेपाली मूलका विदेशी नागरिक अर्थात् दुई वर्षभन्दा बढी नेपाल सरकारबाट खटिई विदेशस्थित नेपाली नियोगमा बहाल रहेको, विदेशस्थित शिक्षण संस्थामा अध्ययन गरिरहेका नेपाली नागरिक र दक्षिण एसियाली सहयोग संगठनअन्तर्गतका मुलुकहरू बाहेक अन्य देशहरूमा पेसा, रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँदछ ।

५.२ "संघ" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउनेछ ।

५.३ "राष्ट्रिय समन्वय परिषद्" भन्नाले राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डलाई जनाउनेछ ।

५.४ "अध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको अध्यक्षलाई जनाउनेछ ।

५.५ "वरिष्ठ उपाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको वरिष्ठ उपाध्यक्षलाई जनाउनेछ ।
५.६ "उपाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको उपाध्यक्षलाई जनाउनेछ ।
५.७ "महासचिव" भन्नाले राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको महासचिवलाई जनाउनेछ ।
५.८ "सचिव" भन्नाले राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको सचिवलाई जनाउनेछ ।
५.९ "कोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको कोषाध्यक्षलाई जनाउनेछ ।
५.१० "सहकोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको सह-कोषाध्यक्षलाई जनाउनेछ ।
५.११ "प्रवक्ता" भन्नाले राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको प्रवक्तालाई जनाउनेछ ।
५.१२ "महिला संयोजक" भन्नाले राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको महिला संयोजकलाई जनाउनेछ ।
५.१३ "युवा संयोजक" भन्नाले राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको युवा संयोजकलाई जनाउनेछ ।
५.१४ "परिषद् सदस्य" भन्नाले राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको कार्यकारिणी समितिको सदस्यलाई जनाउनेछ ।
५.१५ "साधारण सदस्य" भन्नाले दुई वर्षभन्दा बढी दक्षिण एसियाली मुलुकबाहेक अन्य मुलुकमा पेसा, रोजगारी र व्यवसाय गरी बसोबास गरिरहेका नेपाली नागरिक वा नेपाली मूलका विदेशी नागरिकलाई जनाउनेछ ।
५.१६ "पञ्जीकृत सदस्य" भन्नाले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिम सदस्यता शुल्क बुझाई रीतपूर्वक राष्ट्रिय समन्वय परिषद्, नेदरल्याण्डले सदस्यता प्रदान गरेको सदस्यलाई जनाउनेछ ।
५.१७ "मानार्थ सदस्य" भन्नाले गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदले राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको सिफारिसमा चयन गरिएको मानार्थ सदस्यलाई जनाउनेछ ।
५.१८ "सम्बद्ध सदस्य" भन्नाले नेपाललाई सहयोग र प्रवद्र्धन गर्न चाहने गैरनेपाली मूलका व्यक्ति, संस्था संघको सम्बद्ध सदस्यलाई जनाउनेछ ।
५.१९ "दर्ता शुल्क" भन्नाले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डले राष्ट्रिय महाधिवेशन, अधिवेशन वा विभिन्न सेमिनारहरूमा सहभागिताका लागि तोकेको शुल्कलाई जनाउनेछ ।
५.२० "सल्लाहकार" भन्नाले राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डले चयन गरेका सल्लाहकारलाई जनाउनेछ ।
५.२१ "संरक्षक परिषद" भन्नाले एक जना प्रमुख संरक्षक र संरक्षकहरू रहेको परिषद्लाई जनाउनेछ ।
५.२२ "एक वचन" शब्दले बहुवचन र बहुवचन शब्दले एकवचनलाई समेत जनाउनेछ ।
५.२३ "पुलिंग" शब्दले स्त्रीलिंगलाई समेत जनाउनेछ ।
५.२४ "व्यक्ति" शब्दले प्राकृतिक र कानुनी दुवै व्यक्तिलाई जनाउनेछ ।
५.२५ "विधान" भन्नाले राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डको विधानलाई जनाउनेछ ।
५.२६ "कार्य समिति" भन्नाले राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डको कार्यकारी समितिलाई जनाउनेछ ।
५.२७ "महाधिवेशन" भन्नाले यस समितिको नियमित अधिवेशनलाई जनाउनेछ ।
५.२८ "विशेष महाधिवेशन" भन्नाले अध्यक्ष वा कार्यसमितिका दुई तिहाई वा महाधिवेशन प्रतिनिधिहरूको एक तिहाई हस्ताक्षरमा नियमित समयभन्दा अगावै आह्वान हुने अधिवेशनलाई जनाउने छ ।
५.२९ "साधारण सभा" भन्नाले विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभा समेतलाई जनाउनेछ।
५.३० "विनियमावली" भन्नाले यस विधान अन्तर्गत बनेको विनियमावलीलाई सम्झनु पर्नेछ ।
५.३१ "बैठक" भन्नाले संस्थाको कार्यसमितिको बैठकलाई जनाउनेछ ।
५.३२ "अधिवेशन वर्ष" भन्नाले संस्थाको कार्य समितिको निर्वाचन वर्षलाई जनाउनेछ।

५.३३ "तोकिए बमोजिम" भन्नाले यस विधान र विधान बमोजिम बनेको नियम-विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्नेछ ।

## परिच्छेद ३

**६. उद्देश्य**

६.१ गैरआवासीय नेपाली संघको बृहत्तर दायराभित्र रही नेदरल्याण्डमा बसोवास गर्ने आम नेपाली समुदायलाई एकजुट गराउने, यसको सञ्जाल विस्तार गर्ने, नेपालभित्र र बाहिर उनीहरूको उद्देश्यलाई प्रवद्र्धन गर्ने र उनीहरूलाई नेपालको हितमा योगदान गर्न परिचालन गर्ने, गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको मुख्य उद्देश्य रहनेछ । यी उद्देश्य प्राप्त गर्नका लागि संघले देहाय बमोजिम कार्य गर्नेछ।

६.२ विदेशमा मातृभूमि नेपालको पहिचान उचो राख्न पहल गर्ने ।

६.३ विश्वका विभिन्न भागमा रहेका नेपालीहरूबीच आपसी सहयोग तथा सद्भावको विकास गर्न पहल गर्ने ।

६.४ नेदरल्याण्डमा बस्ने नेपालीहरूको हितलाई संरक्षण गर्ने एवम् नेपालको प्रवद्र्धन गर्ने ।

६.५ नेदरल्याण्डमा रहेका गैरआवासीय नेपालीको पुँजी र मानव संसाधनलाई नेपालको विकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरूसँग साझेदारी स्थापना गर्न र त्यसका विकास गर्न पहल गर्ने ।

६.६ नेदरल्याण्डमा नेपाली संस्कृति र पर्यटनको प्रर्वद्धन गर्ने ।

६.७ नेदरल्याण्डमा रहेका गैरआवासीय नेपालीहरूको हितमा आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने ।

६.८ नेदरल्याण्डमा क्रियाशील विभिन्न संघ÷संस्थाहरूसंग समन्वय र सहकार्य गर्दै राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डलाई साझा संस्थाका रूपमा विकसित गर्ने ।

## परिच्छेद ४

**७. सदस्यता**

कानुन बमोजिम गैरआवासीय नेपालीको हैसियत कायम रहेसम्म गैरआवासीय नेपाली संघको सदस्यता कायम रहने गरी संघको विधानको अनुसूची ८ बमोजिमको सदस्यता परिचय-पत्र संघको विधानको धारा ९.१ बमोजिम प्रदान गरिने छ । संघका सदस्यता देहाय बमोजिम चार प्रकारका हुनेछन् ।

७.१ साधारण सदस्यः

२ वर्ष वा सोभन्दा बढी नेदरल्याण्डमा पेसा, रोजगारी वा व्यवसाय गरी बसोबास गर्ने नेपाली नागरिक वा नेपाली मूलका विदेशी नागरिक यस संघका साधारण सदस्य हुनेछन् ।

७.२ पञ्जीकृत सदस्यः

राष्ट्रिय समन्वय परिषद, नेदरल्याण्डबाट सदस्यता प्राप्त गर्ने व्यक्तिहरू संघको पञ्जीकृत सदस्य हुनेछन् । पञ्जीकृत सदस्यहरू राष्ट्रिय महाधिवेशन वा अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन वा मतदान गर्न वा अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचित हुने पदको लागि उम्मेदवारी दिन योग्य हुनेछन् ।

७.३ सम्बद्ध सदस्य

नेपाललाई सहयोग र प्रवद्र्धन गर्न चाहने गैर नेपाली मूलको व्यक्ति वा संस्था संघको सम्बद्ध सदस्य हुनेछन् । यस्ता सदस्यहरूले संघका सबै क्रियाकलापमा भाग लिन पाउनेछन् तर यस्ता सदस्यहरूलाई राष्ट्रिय समन्वय परिषद वा अन्तर्राष्ट्रिय समन्वय परिषदको कुनै निर्वाचित हुने पदका लागि उम्मेदवार हुन र मतदान गर्न पाउने अधिकार हुने छैन ।

७.४ मानार्थ सदस्य

नेदरल्याण्डमा रहेका गैरआवासीय नेपालीको हित र नेपालको विकासमा योगदान गरेका व्यक्तिहरूलाई मानार्थ सदस्यका लागि राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको सिफारिसमा अन्तर्राष्ट्रिय समन्वय परिषदले मानार्थ सदस्य प्रदान गर्नेछ । यस्ता सदस्यहरूलाई संघको कुनै पनि निर्वाचनमा मतदान गर्ने र उमेद्वार हुने अधिकार हुनेछैन ।

**८. सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता**

८.१ दुई वर्ष वा सो भन्दा बढी नेदरल्याण्डमा पेसा, रोजगारी वा व्यवसाय गरी बसोबास गरिरहेका

८.२ नेपाली नागरिक वा नेपाली मूलको विदेशी नागरिक

८.३ १८ वर्ष उमेर पूरा भएको ।

**९. सदस्यता शुल्क र सदस्यहरूको अधिकार र उत्तरदायित्वहरू**

९.१ गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डले विधानको धारा ७.२ बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिम सदस्यता शुल्क लिई रीतपूर्वक पञ्जीकृत सदस्यता जारी गर्नेछ ।

९.२ पञ्जीकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्को कोषमा रहनेछ ।

९.३ राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डले आवश्यक ठानेमा अतिरिक्त शुल्क तोक्न सक्नेछ । यसरी तोकिएको अतिरिक्त शुल्क राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको कोषमा रहनेछ ।

९.४ राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डले पञ्जीकृत सदस्यको विवरण अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई पठाउनेछ ।

९.५ प्रत्येक सदस्यहरूको अधिकार र उत्तरदायित्व व्यक्तिगत हुने र अन्य व्यक्तिमा हस्तान्तरण योग्य हुनेछैन ।

९.६ राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको विधानको पालना गर्नु र संघको उद्देश्य प्राप्तिका लागि आफ्नो अधिकतम सामथ्र्यको प्रयोग गर्नु हरेक सदस्यहरूको उत्तरदायित्व हुनेछ ।

९.७ पञ्जीकृत सदस्यहरूलाई राष्ट्रिय महाधिवेशन, अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन पाउने तथा कुनै पनि निर्वाचित हुने पदमा उम्मेदवार हुन वा मतदान गर्ने पाउने हक हुनेछ ।

९.८ मानार्थ सदस्य र सम्बद्ध सदस्यहरूलाई राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन र अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन पाउने हक हुनेछ तर उनीहरूलाई संघको कुनै पनि पदको निर्वाचनका लागि उम्मेदवार हुने एवम् निर्वाचनमा मतदान गर्ने हक हुने छैन ।

**१०. सदस्यताको समाप्ति**

१०.१ संघको विधानको दफा ५ को उपदफा ५.१ अनुसार गैरआवासीय नेपालीको हैसियत समाप्त भएमा ।

१०.२ सदस्यको मृत्यु भएमा ।

१०.३ विधान बमोजिम राष्ट्रिय समन्वय परिषदले गरेको कारबाही अन्तर्राष्ट्रिय समन्वय परिषदले सदर गरेमा ।

१०.४ कुनै पनि सदस्यहरूले लिखित रूपमा एक महिनाको सूचना राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको अध्यक्षलाई दिएर संघको सदस्यता परित्याग गर्नका लागि निवेदन दिन सक्नेछ । त्यस्तो निवेदन आएमा राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डले तोकेको मितिबाट निजको सदस्यता अन्त्य गर्नेछ ।
१०.५ संस्थाको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।
१०.६ यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।
१०.७ कुनै व्यक्तिलाई संस्थाको सदस्यता नियुक्ति हुन वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाइको सबुद पेस गर्ने मौका दिनुपर्ने छ ।

## परिच्छेद-५

**११. राष्ट्रिय महाधिवेशन**

११.१ प्रत्येक दुई वर्षमा राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन सम्पन्न गर्नु पर्नेछ । सो अधिवेशन सम्पन्न गर्दा अन्तर्राष्ट्रिय समन्वय परिषद्को महाधिवेशन सम्पन्न हुने मिति, बढीमा ६ महिना बाँकी रहेन गरी सम्पन्न गर्नु पर्नेछ । सोही राष्ट्रिय महाधिवेशनले आगामी दुई वर्षका लागि कार्यकारिणी समिति र अन्तर्राष्ट्रिय समन्वय परिषद्का लागि नेदरल्याण्डबाट भाग लिने केन्द्रीय प्रतिनिधिहरूको निर्वाचन गर्नेछ । राष्ट्रिय महाधिवेशनका कार्यहरू देहाय बमोजिम हुनेछन् ।
११.२ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डको कार्यकारी समितिबाट सञ्चालित क्रियाकलापहरूलाई मूल्यांकन गर्ने र राष्ट्रिय समन्वय परिषद्लाई निर्देशन दिने ।
११.३ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डको कार्यकारी समितिको निर्वाचन गर्ने ।
११.४ गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्मा नेदरल्याण्डको प्रतिनिधि चयन गर्ने ।
११.५ संघको उद्देश्य प्राप्तिका लागि राष्ट्रिय स्तरमा आवश्यक नीतिहरू तय गर्ने ।
११.६ आवश्यकता अनुसार राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डको यस विधानको संशोधन गर्ने।
११.७ गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्का नीति तथा कार्यक्रमहरूलाई राष्ट्रिय स्तरमा निर्माण, विकास र कार्यान्वयनका लागि तर्जुमा गर्ने ।
११.८ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्ड अन्तर्गत विभिन्न विभागहरू र समितिहरूका प्रतिवेदनहरूलाई अनुमोदन गर्ने ।
११.९ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डका महासचिवको सांगठनिक प्रतिवेदन तथा कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्ने ।
११.१० राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डको राष्ट्रिय महाधिवेशनमा पञ्जीकृत सदस्यहरू, गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरू र सदस्यहरू स्वतः सहभागी बन्न पाउनेछन् । राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डले तोके बमोजिम पर्यवेक्षक, मानार्थ तथा सम्बद्ध सदस्यहरूले भाग लिन पाउनेछन् ।

**१२. राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डको विशेष अधिवेशन**

१२.१ विशेष महाधिवेशन ः कार्य समितिले कुनै अत्यन्त महत्वपूर्ण नीतिगत विषयमा तत्काल निर्णय गर्न विशेष महाधिवेशन बोलाउनु पर्ने आवश्यकता ठानी कार्य समितिले निर्णय गरेमा वा महाधिवेशन प्रतिनिधिको रूपमा रहेका पञ्जीकृतहरूमध्ये कम्तीमा ३३ प्रतिशत सदस्यहरूले स्पष्ट आधारसहितको कारण खुलाई विशेष महाधिवेशन बोलाउनका लागि लिखित माग गरेमा कार्यसमितिले सो माग गरेको मितिले २ महिनाभित्र विशेष महाधिवेशन बोलाउनु पर्नेछ । विशेष महाधिवेशन बोलाउनुको कारणसहित सम्पूर्ण प्रतिनिधिहरूलाई सो महाधिवेशन हुनुभन्दा कम्तीमा ३० दिन अगाडि सूचना पठाइसक्नु पर्नेछ ।

महाधिवेशन सम्पन्न भएको एक वर्ष नपुग्दै वा महाधिवेशन आयोजना गर्नका लागि एक वर्षभन्दा कम अवधि बाँकी रहेको अवस्थामा भने विशेष महाधिवेशन बोलाइने छैन । विशेष महाधिवेसनको अध्यक्षता राष्ट्रिय समन्वय परिषद्को अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा राष्ट्रिय समन्वय परिषद्को निर्णय अनुसार वरिष्ठ उपाध्यक्षले गर्नेछ । विशेष महाधिवेशनमा धारा ११.१० बमोजिमका प्रतिनिधिहरूलाई भाग लिने हक हुनेछ । विशेष राष्ट्रिय महाधिवेशनले महाधिवेशनको माग गर्दा दिइएको निवेदनमा औँल्याइएका विषय उपर मात्र निर्णय गर्नेछ । २ तिहाई बहमुतले विधान शंशोधन र साधारण बहुमतले विशेष अधिवेशनका प्रस्तावहरूलाई पास गर्नेछ ।

१२.२ वार्षिक साधारण सभा

१२.३ संघको वार्षिक रूपमा साधारण सभा हुनेछ । समितिका पञ्जीकृत सदस्यहरू यसका सदस्यहरू हुनेछन् । संघको निर्णय बमोजिम आमन्त्रित तथा मानार्थ सदस्यहरूलाई समेत साधारण सभामा आमन्त्रण गर्न सक्नेछ । साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१२.४ कार्य समितिले पेस गरेको योजना कार्यक्रमहरू र वार्षिक बजेट पारित गर्ने ।

१२.५ कोषाध्यक्षबाट प्रस्तुत भएको वार्षिक आर्थिक प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने, देखिएका अनियमित बेरुजुहरूलाई छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु बजेटहरू अशुल उपर गरी फस्र्यौट गर्नका लागि समितिलाई निर्देशन दिने ।

१२.६ संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरका कार्यहरूको मूल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

१२.७ कार्य समितिद्वारा पेस भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

## परिच्छेद-६

१३. राष्ट्रिय महाधिवेशनबाट पारित नीति र कार्यक्रमहरूलाई कार्यान्वयन गर्नका लागि संघको 'राष्ट्रिय समन्वय परिषद्' नामक एक कार्यकारी अंग हुनेछ ।

१३.१ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डको कार्यसमितिमा २३ सदस्यीय, निम्न पदहरू हुनेछन् ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| वरिष्ठ उपाध्यक्ष | १ |
| उपाध्यक्ष | २ |
| महिला उपाध्यक्ष | १ |
| महासचिव | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सहकोषाध्यक्ष | १ |
| महिला संयोजक | १ |
| युवा संयोजक | १ |
| क्षेत्रीय संयोजक | ३ |
| सदस्य (खुलाबाट) | ५ |

मनोनित सदस्य ४

(स्पष्टीकरण: एनआरएनए नेदरल्याण्डको २०१९ (२०२१ को कार्यकालमा आम सहमतिबाट कार्यसमिति निर्माण गर्दा संरचनामा केही परिवर्तन गरिएको तर उक्त व्यवस्था यही कार्यकालको लागि मात्रै लागू हुने व्यवस्था २०१९ को महाधिवेशनको बन्दसत्रबाट अनुमोदन भएका कारण यो व्यवस्थामा परिवर्तन गरिहरनु परेन ।)

१४. राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष र वरिष्ठ उपाध्यक्ष र महासचिव पदहरूको उम्मेदवार बन्नका लागि एक कार्यकाल राष्ट्रिय समन्वय परिषद्मा कार्यसमितिमा रही काम गरिसकेको हुनुपर्नेछ ।

१४.१ विधानको धारा १४ मा जे लेखिए पनि आम सहमतिमा निर्वाचन बिना कार्यसमिति चयन हुने अवस्थामा अध्यक्ष बाहेक अन्य पदहरूमा यो नियम लागू हुने छैन ।

१४.२ राष्ट्रिय समन्वय परिषद्को कार्यकारी समितिको कार्यकाल २ वर्षको हुनेछ ।

१५. राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरू र कार्यकारी सदस्यहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१५.१ अध्यक्ष

१५.२ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डको प्रमुखको हैसियतले कार्य गर्ने ।

१५.३ राष्ट्रिय समन्वय परिषद्को नियमित बैठकहरूको र राष्ट्रिय महाधिवेशनमा खुला सत्रको अध्यक्षता गर्ने।

१५.४ विभिन्न विभागहरू, समिति र उपसमितिका प्रमुखहरू, क्षेत्रीय संयोजकहरूमार्फत् सम्बन्धित क्षेत्रको आवधिक कार्य प्रगति विवरण तथा समसामयिक गतिविधिको जानकारी लिने र आवश्यक निर्देशन दिने ।

१५.५ राष्ट्रिय समन्वय परिषद्ले अन्यथा व्यवस्था गरेको बाहेक विभिन्न विभाग तथा समितिका सदस्यहरूको नियुक्ति गर्ने।

१५.६ बैठक बोलाउन महासचिवलाई निर्देशन दिने ।

१५.७ समितिका भावी कार्यक्रमहरू तर्जुमा गरी समितिमा छलफलका लागि प्रस्ताव गर्ने ।

१५.८ विभिन्न कार्यक्रमहरूमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने ।

१५.९ कुनै पनि विषयमा मत विभाजन भई बराबरी भएमा निर्णायक मत दिने ।

१५.१० राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरू र कार्यकारी सदस्यहरूको जिम्मेवारी तोक्ने

१५.११ आवश्यक परेमा आकस्मिक बैठक बोलाउने र आकस्मिक बैठकले गरेका निर्णयहरू कार्यसमितिको बैठकबाट अनुमोदन गराउने ।

१५.१२ राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य काम कर्तव्य पूरा गर्ने ।

१६.१ (वरिष्ठ) उपाध्यक्ष र उपाध्यक्षहरू (महिलासहित) ।

१६.२ अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गरिआएका सम्पूर्ण कार्यहरू गर्ने÷गराउने ।

१६.३ अध्यक्षको कार्यवाहकको जिम्मेवारी बहन गर्ने ।

१६.४ अध्यक्षद्वारा गरिने अन्य कार्यहरूमा अध्यक्षलाई सहयोग गर्ने ।

१६.५ तोकिएका अन्य कार्यहरू गर्ने ।

१७.१ महासचिव

१७.२ अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने र बैठकका एजेन्डाहरू तयार गर्ने ।

१७.३ राष्ट्रिय समन्वय परिषद्का सम्पूर्ण क्रियाकलापहरूलाई समन्वय गर्ने ।

१७.४ समितिका भावी कार्यक्रमहरू तर्जुमा गरी समितिमा छलफलका लागि प्रस्तुत गर्ने ।

१७.५ राष्ट्रिय समन्वय परिषद्का सम्पूर्ण गतिविधिको अभिलेख राख्ने ।
१७.६ सांगठानिक कार्य प्रगति प्रतिवेदन साधारण सभा र राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने ।
१७.८ राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य कार्यहरू गर्ने ।

१८.१ सचिव
१८.२ आवश्यकता अनुसार महासचिवलाई सहयोग गर्ने ।
१८.३ महासचिवको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्य गर्ने ।
१८.४ तोकिएका अन्य कार्य गर्ने ।

१९.१ कोषाध्यक्ष
१९.२ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डको कोष प्राप्त गर्ने र जिम्मामा लिने ।
१९.३ राष्ट्रिय समन्वय परिषद्ले संकलन गरेको पञ्जीकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्मा संघको विधानमा तोकिएको मिति बमोजिम पठाउने ।
१९.४ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डले कोष अभिवृद्धिका लागि विभिन्न कार्ययोजना बनाई प्रस्ताव गर्ने ।
१९.५ राष्ट्रिय महाधिवेशन र राष्ट्रिय समन्वय परिषद्ले तय गरेका विविध कार्यक्रमका लागि आवश्यक रकम तथा परियोजना र श्रोत साधनको परिचालन सम्बन्धी विवरण तयार गरी प्रस्ताव गर्ने ।
१९.६ राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय समन्वय परिषद्का बैठकहरूमा राष्ट्रिय समन्वय परिषद्ले पारित गरेका कार्यक्रमहरूको आधारमा अनुमानित बजेट तयार गरी प्रस्तुत गर्ने ।
१९.७ राष्ट्रिय समन्वय परिषद्को कोष व्यवस्थापन र अभिलेख रखाइमा अन्तर्राष्ट्रिय समन्वय परिषद्सँग एकरूपता कायम गर्न आवश्यक सहयोग लिने ।
१९.८ राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिवेदन राष्ट्रिय महाधिवेशन सम्पन्न हुन एक महिना अगावै राष्ट्रिय समन्वय परिषद् सदस्यहरूलाई पठाउने ।
१९.९ संस्थाको आर्थिक प्रतिवेदन लेखापरीक्षण गराई राष्ट्रिय परिषद् बैठकहरूमा प्रस्तुत गर्ने ।
१९.१० विधानमा तोकिएका अन्य कार्यहरू गर्ने ।

२०.१ सहकोषाध्यक्ष
२०.२ आवश्यकता अनुसार कोषाध्यक्षलाई सहयोग गर्ने ।
२०.३ कोषाध्यक्षको अनुपस्थितिमा निजले तोके बमोजिमको कोष सम्बन्धी कार्यहरू गर्ने ।
२०.४ तोकिएका अन्य कार्यहरू गर्ने ।

२१.१ प्रवक्ता
२१.२ राष्ट्रिय समन्वय परिषद्को काम कारबाहीका सम्बन्धमा संघको दृष्टिकोण सार्वजनिक गर्ने ।
२१.३ संघको गतिविधिबारे समय समयमा विभिन्न माध्यमबाट सूचना प्रवाह गर्ने ।
२१.४ राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य कार्यहरू गर्ने ।

२२.१ महिला संयोजक
२२.२ गैरआवासीय महिलाहरूलाई संगठित गर्दै, महिला सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।
२२.३ महिलामैत्री गतिविधि सञ्चालन गर्ने ।
२२.४ महिला सशक्तीकरणका निम्ति गोष्ठी, सेमिनार र बैठकको आयोजना गर्ने ।
२२.५ राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य काम गर्ने ।

२३.१ युवा संयोजक
२३.२ गैरआवासीय नेपाली युवाहरूलाई संगठित गर्दै, युवा सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।
२३.३ युवामैत्री गतिविधि सञ्चालन गर्ने ।
२३.४ युवाहरूलाई संघको अभियानमा सहभागी गराउन विभिन्न गतिविधि संचालन गर्ने ।
२३ ५ राष्ट्रिय समन्वय परिषद्ले तोकिएका अन्य कार्य गर्ने ।

२४.१ क्षेत्रीय संयोजक
२४.२ सम्बन्धित क्षेत्रको प्रमुखको हैसियतले कार्य गर्ने ।
२४.३ आवश्यकता अनुसार क्षेत्रीय बैठक बोलाउने र राष्ट्रिय समन्वय परिषद्का निर्णयहरू कार्यान्वयन गर्न गराउन संयोजनकारी भूमिका निर्वाह गर्ने ।
२४.४ क्षेत्रीय स्तरमा समुदायमैत्री गतिविधि सञ्चालन गर्ने ।
२४.५ राष्ट्रिय समन्वय परिषद्ले तोकिएका अन्य कार्य गर्ने ।
२५.१ निर्वाचित तथा मनोनित सदस्य
२५.२ राष्ट्रिय समन्वय परिषद् सदस्यले, राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डबाट सञ्चालित कार्यक्रमहरू एवम् दिइएका निर्देशनहरू पालना र कार्यन्वयनका लागि क्रियाशील रहने ।
२५.३ राष्ट्रिय समन्वय परिषद्को निर्देशन बमोजिम कार्य गर्ने ।
२५.४ नेदरल्याण्डसमा सम्पन्न गर्न सकिने विविध कार्यक्रमहरू, परियोजनाहरू तयार गरी बैठकमा छलफलका लागि पेस गर्ने ।
२५.५ राष्ट्रिय समन्वय परिषद्को बैठकमा भाग लिने ।
२५.६ अन्तर्राष्ट्रिय समन्वय परिषद् तथा राष्ट्रिय समन्वय परिषद्ले आयोजना गर्ने गतिविधि सफल पार्न क्रियाशील रहने ।
२५.७ अन्तर्राष्ट्रिय समन्वय परिषद् तथा राष्ट्रिय समन्वय परिषद्बाट पारित निर्णयहरू कार्यान्वयन गर्ने ।
२५.८ तोकिएका अन्य कार्यहरू गर्ने ।

**२६.१ राष्ट्रिय समन्वय परिषद्को काम, कर्तव्य र अधिकार**
२६.२ राष्ट्रिय समन्वय परिषद्, नेदरल्याण्डले संघको पञ्जीकृत सदस्यता जारी गर्नेछ ।
२६.३ राष्ट्रिय समन्वय परिषद्, नेदरल्याण्डले गैरआवासीय नेपाली संघको बृहत् संरचनाभित्र रही क्षेत्रीय वा शाखा समितिहरू गठन गर्ने र तिनीहरूलाई निर्देशन जारी गर्नेछ ।
२६.४ राष्ट्रिय समन्वय परिषद्, नेदरल्याण्डले संघको भावना विपरीत कार्य गर्ने वा राष्ट्रिय समन्वय परिषद्को विधानको उल्लंघन गर्ने परिषद्को कुनै पनि सदस्यलाई सदस्यताबाट निलम्बन वा निष्काशन गर्न सक्नेछ । यसरी निलम्बन वा निष्काशन गरिएको व्यक्तिलाई उचित सुनुवाईको अवसर दिइनेछ । राष्ट्रिय समन्वय परिषद्, नेदरल्याण्डको निर्णय उपर निर्णय

भएको मितिले ३० दिनभित्र सम्बन्धित सदस्यले अन्तर्राष्ट्रिय समन्वय परिषद्मा उजुरी गर्न सक्नेछन् र अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्णय अन्तिम हुनेछ ।

२६.५ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डले आफूले सञ्चालन गरेका सम्पूर्ण क्रियाकलापहरूको वार्षिक विवरण क्षेत्रीय संयोजक समक्ष पेस गर्नु पर्नेछ ।

२६.६ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डले राष्ट्रिय महाधिवेशन वा विभिन्न कार्यक्रमका लागि आवश्यक रहेमा दर्ता शुल्क तोक्न सक्नेछ ।

२६.७ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डले पञ्जीकृत सदस्यता वितरण गरेको मितिले ३० दिनभित्र अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई पठाउनु पर्नेछ ।

२६.८ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डले संघको अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनमा उपस्थित हुनका लागि दर्ता भएका पञ्जीकृत सदस्यहरूको अभिलेख कायम गर्ने र दर्ता विवरण संघको सचिवालयमा पठाउनु पर्नेछ ।

२६.९ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डले आवश्यकता अनुसार गैरआवासीय नेपाली संघको उद्देश्य प्राप्तिका लागि राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरका विविध कार्यक्रमहरू आयोजना गर्नेछ ।

२६.१० राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डले संघमा विशेष योगदान पुर्याएका पञ्जीकृत सदस्यहरूबाट एक सल्लाहकार समिति तथा संघको नेतृत्व गरी विशेष योगदान पुर्याएका व्यक्तिहरूमध्येबाट एक प्रमुख संरक्षकसहित संरक्षक परिषद् गठन गर्नेछ ।

२६.११ बिधानको धारा २६.१० मा जे लेखिए पनि प्रमुख संरक्षकको हकमा एक कार्यकाल राष्ट्रिय समन्वय परिषदको अध्यक्ष वा आइ सि सि सदस्यको नेत्रित्व गरेको हुनु पर्नेछ । साथै एक कार्यकाल प्रमुक्ष संरक्षक भैसकेको ब्याक्ती फेरि प्रमुख संरक्षकमा मोनोनयन हुन पाउने छैन ।

२६.१२ बिधानको धारा २६.१० मा जे लेखिए पनि संरक्षक परिषदको ससस्यको हकमा संघको नेत्रित्व गरेको वा नेपाली समुदाय नेदर्ल्याण्डमा उल्लेखनिय भूमिका निर्वहाँ गरेको हुनु पर्नेछ ।

**२७.१ राष्ट्रिय समन्वय परिषद्को बैठक**

२७.२ राष्ट्रिय समन्वय परिषद्को बैठक कार्यसमितिले तोके बमोजिम बस्नेछ ।

२७.३ बैठकमा अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरूले क्ष्ऋऋ र ल्ऋऋ बीचको समन्वयकारी भूमिका निर्वाह गर्नेछन् ।

२७.३ समितिको बैठक कम्तीमा दुई महिनाको एकपटक र आवश्यक परेमा जुनसुकै बखत पनि बस्न सक्नेछ ।

२७.३ समितिको बैठक अध्यक्षको निर्देशनमा महासचिवले बोलाउनेछन् ।

२७.४ समितिको बैठकको निर्णय सर्वसम्मत रूपमा हुन नसकेमा बहुमतको आधारमा हुनेछ ।

२७.५ बैठकको मिति र प्रस्तावहरू महासचिवले १५ दिन अगावै समितिका पदाधिकारीहरू तथा सदस्यहरूलाई जानकारी गराउनु पर्नेछ ।

२७.६ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूले आफ्ना एजेन्डाहरू कार्यसमितिको बैठकमा दर्ता गराउन सक्नेछन् । कार्यसमितिको बैठकको कम्तीमा २ दिन पहिला लिखित रूपमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

**२८.उपसमितिहरू तथा क्षेत्रीय समितिहरू**

२८.१ क्षेत्रीय समिति

२८.२ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डले नेदरल्याण्डको भूबनोट तथा गैरआवासीय नेपालीहरूको बसोबासलाई ध्यानमा राख्दै सबैको उचित प्रतिनिधित्व र सहभागिता र बृहत्तर गतिविधिका लागि विभिन्न क्षेत्रीय समितिहरू गठन गर्नेछ ।

२८.३ क्षेत्रीय समिति राष्ट्रिय समन्वय परिषद्को मातहत रहनेछ ।

२८.४ क्षेत्रीय समितिको काम, कर्तब्य र अधिकार राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिम हुनेछ।

२८.५ क्षेत्रीय समिति देहाय बमोजिमको गठन हुनेछ ।

२८.६ क्षेत्रीय संयोजक १

२८.७ सदस्य ४

२८.८ नेदरल्याण्डलाई ३ क्षेत्रमा वर्गीकरण गरिनेछ र क्षेत्रीय संयोजक अनिवार्य रूपमा सम्बन्धित क्षेत्रको हुनु पर्नेछ ।

२८ ९ नोर्थ होल्यान्ड

२८.१० साउथ होल्यान्ड

२८.११ उत्रेक, लिम्बुर्ग, खेल्डरल्यान्ड

२८.१२ उपसमितिहरूः यस संघको कार्यलाई आर्थिक तथा सामाजिक रूपमा पारदर्शी, गतिशील र जवाफदेही बनाउन देहाय बमोजिमका उपसमितिहरू गठन गरिनेछ ।

२८.१३ लेखा समितिः यस संघको आर्थिक काम(कारबाहीलाई अनुशासित, उत्तरदायी, पारदर्शी तथा जवाफदेही बनाउन बढीमा ५ सदस्यीय लेखा समिति गठन गरिनेछ । सम्बन्धित विषयमा दक्षता हासिल गरेका पञ्जीकृत सदस्यहरूबाट यो समिति गठन गरिने छ । संघको कार्यकारी पदमा रहेका व्यक्तिहरू यस समितिका सदस्य हुन पाउने छैनन् । लेखा समितिले संघको आर्थिक काम कारबाहीको समीक्षा साधारण सभा तथा अधिवेशनको बन्द सत्रमा राख्नेछन् ।

२८. १४ अनुशासन समितिः( संघको कार्यसमितिको बैठकले बढीमा ५ सदस्यीय अनुशासन समिति गठन गर्न सक्ने छ । संघको कार्यकारी पदमा रहेका व्यक्तिहरू यस समितिका संयोजक तथा सदस्य हुन पाउने छैनन् । संघको विधान, नियमावली, विनियम अनुसार संघको काम कारबाही भए÷नभएको लगायतका विषयहरूमा एक विनियम बनाई समितिले काम गर्नेछ ।

२९.१ पद रिक्तता र पदपूर्ति

२९.२ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डको कार्यसमिति तथा त्यस मातहत गठित विभिन्न क्षेत्रीय समितिका पदाधिकारी सदस्यहरूको देहायको अवस्थामा पद रिक्त भएको मानिनेछ ।

२९.३ गैरआवासीय नेपालीको हैसियत समाप्त भएमा ।

२९.४ निजले रितपूर्वक राजीनामा गरी सम्बन्धित समितिले राजीनामा स्वीकृत गरेमा ।

२९.५ स्थायी रूपमा नेदरल्याण्ड बाहिर जानु परेमा ।

२९.६ बैठकको सूचना प्राप्त गरेको ठोस प्रमाण रहेको तर बिना सूचना लगातार तीन पटकको बैठकमा अनुपस्थित भएमा ।

२९.७ निजको मृत्यु भएमा ।

२९.८ संस्थाको अहित हुने गतिविधिमा संलग्न भई, राष्ट्रिय समन्वय परिषद्ले कारबाही गरी सो निर्णय समन्वय परिषद्बाट पनि सदर भएमा निज बहाल रहेको पद रिक्त हुनेछ ।

**३०.१ रिक्त हुन आएको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछ ।**

३०.२ राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी र सदस्यहरूको हकमा राष्ट्रिय समन्वय परिषद्ले र क्षेत्रीय समितिका पदाधिकारी र सदस्यहरूको हकमा क्षेत्रीय समितिले बाँकी अवधिसम्मका लागि पदपूर्ति गर्नेछ ।

## परिच्छेद ७

**३१ कोष तथा लेखापरीक्षण**

३१.१ राष्ट्रिय समन्वय परिषद् नेदरल्याण्डको आफ्नो कोष हुनेछ, जसमा सदस्यता शुल्क, सरकारी अनुदान, व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, प्रकाशन सामग्रीहरूको बिक्रीवितरणबाट प्राप्त रकम, विभिन्न कार्यक्रमहरूको आयोजनाबाट प्राप्त रकम कोषमा जम्मा हुनेछ ।

३१.२ कोषको रकम राष्ट्रिय समन्वय परिषद्को नाममा बैंक खाता खोली जम्मा गरिनेछ ।

३१.३ राष्ट्रिय समन्वय परिषद्का कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुने गरी अध्यक्ष वा संयोजकको हस्ताक्षरबाट उक्त खाता संचालन गरिनेछ ।

३१.४ राष्ट्रिय समन्वय परिषद्ले नियुक्त गरेको लेखा परीक्षकद्वारा वार्षिक रूपमा लेखापरीक्षण गरिनेछ ।

३१.५ लेखा परीक्षकको प्रतिवेदन अन्तर्राष्ट्रिय समन्वय परिषद्, राष्ट्रिय समन्वय परिषद्, नेदरल्याण्डका पदाधिकारी, सदस्यहरू र नेदरल्याण्डका सम्पूर्ण पञ्जीकृत सदस्यहरूलाई उपलब्ध गराइनेछ ।

## परिच्छेद ८

**३२. निर्वाचन समिति**

३२.१ राष्ट्रिय समन्वय परिषद्को कार्यकारिणी समितिले निर्वाचन प्रयोजनका लागि एक निर्वाचन समितिको गठन गर्नेछ । निर्वाचन समितिले धारा १३.१ बमोजिम निर्वाचन सम्पन्न गर्नेछ । निर्वाचन समिति कम्तीमा तोकिएको अधिवेशनको मितिले ३ महिना अगावै गठन गरिसक्नु पर्नेछ ।

३२.२ निर्वाचन एक व्यक्ति एक मतको सिद्धान्त बमोजिम सम्पन्न हुनेछ ।

३२.३ निर्वाचनमा मतदान गर्न वा उम्मेदवार बन्न महाधिवेशनको तोकिएको मितिले एक महिना अगावै पञ्जीकृत सदस्य लिई सकेको हुनु पर्नेछ ।

३२.४ निर्वाचन प्रयोजनका लागि निर्वाचन समितिले मतदाता नामावली प्रकाशित गर्नेछ ।

३२.५ निर्वाचन समितिले निर्वाचन सम्पन्न गर्न कार्यविधि र आचारसंहिता बनाउन पर्नेछ ।

३२.६ निर्वाचन समितिले निर्वाचन पदाधिकारी र सदस्यलाई शपथग्रहण र प्रमाणपत्र प्रदान गर्नेछ ।

## परिच्छेद ९

**३३ विधानको व्याख्या**

यो विधानको व्याख्या गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधान समितिमा निहित हुनेछ ।

**३४ विधान संशोधन**

यस विधानको कुनै पनि धारा÷उपधारा संशोधन, खारेजी थपघट वा परिवर्तन गर्ने प्रस्ताव कार्यकारी समितिको सदस्यहरूमध्येबाट २५ प्रतिशतले पेस गर्न सक्नेछ । यसरी पेस गरिएको प्रस्ताव विशेष अधिवेशनद्वारा दुई तिहाई बहुमतको आधारबाट पारित गर्न सक्नेछ । विधानको कुनै पनि धाराहरू खारेज वा संशोधन गर्ने प्रस्ताव पारित भएमा सो प्रस्ताव तुरुन्त लागू हुनेछ ।

**३५. अन्य संघ संस्थाहरूसँगको सहकारिता**

राष्ट्रिय समन्वय परिषद्ले यस विधानमा उल्लेख गरिएका उद्देश्य प्राप्तिका लागि नेपाली एवं गैर नेपाली संघ, संस्थाहरूसँग सहकार्य तथा विभिन्न गतिविधिको समन्वय गर्न सक्नेछ ।

**३६. राष्ट्रिय समन्वय परिषद्को विघटन**

राष्ट्रिय समन्वय परिषद्को पञ्जीकृत सदस्यको साधारण बहुमतले चाहेमा राष्ट्रिय समन्वय परिषद् विघटन हुनेछ । राष्ट्रिय समन्वय परिषद् विघटन भएको मितिले बढीमा ३ महिनाभित्र महाधिवेशनबाट नयाँ राष्ट्रिय समन्वय परिषद्को निर्वाचन सम्पन्न गर्न पर्नेछ । राष्ट्रिय समन्वय परिषद् विघटन भई नयाँ कार्यसमिति नबनेमा संस्थाको सम्पत्ति तथा नेदरल्याण्डको प्रचलित कानुनले वर्जित गरेकोमा बाहेक अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई हस्तान्तरण गर्नु पर्नेछ ।

**३७. लागू हुने कानुन**

यो विधान राष्ट्रिय समन्वय परिषद्को हकमा नेदरल्याण्डको प्रचलित कानुनले वर्जित गरेको हदबाहेक, गैरआवासीय नेपाली संघ नेदरल्याण्डको विधान लागू हुनेछ ।

**३८. विनियम बनाउन सक्ने**

संस्थाले अफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र साधारण सभाबाट अनुमोदन गराई सम्बन्धित निकायमा सिफारिस गरी पठाउनु पर्नेछ ।

**३९. बरबुझारथ**

पदाधिकारी र कर्मचारीले आफ्नो जिम्मामा रहेको नगद, जिन्सी तथा कागजातहरू आफूले अवकाश लिएको बढीमा ३५ दिनभित्र सम्बन्धित पदाधिकारीहरूलाई बुझाई दोहोरो कागजात गर्नुपर्नेछ ।

## अनुसूची १

**संघको प्रतीक चिन्ह**

दुई अर्धवृत्तको घेराभित्र अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको माथि दुई हिमालहरूको बीचमा उदीयमान सूर्य र तल्लो अर्धवत्तमा अंग्रेजी भाषाको अक्षरमा “FOR NEPALI, BY NEPALI’’ लेखिएको चिन्ह नै संघको प्रतीक चिन्हको नमुना हुनेछ ।

**प्रतीक चिन्हको नमुना**

उदीयमान सूर्यले गैरआवासीय नेपालीहरूको अभिलाषा, दुई हिमालयहरूले नेपाल, NRNA ले गैरआवासीय नेपालीहरू “FOR NEPALI, BY NEPALI’’ ले संघको मन्त्र र दुई अर्धवृत्तहरूको घेराले पृथ्वीको प्रतिनिधित्व गर्छ ।

## अनुसूची २

**कार्यालयको छाप**

‘संघको अन्तर्राष्ट्रिय समन्वय परिषद् र राष्ट्रिय समन्वय परिषद्को कार्यालयको छाप गोलाकारभित्र नेपाली र अंग्रेजी भाषामा संघको नाम “गैरआवासीय नेपाली संघ’’ Non-Resident Nepalese Association लेखिएको र त्यसभित्र दुई अर्ध गोलाकार वृत्तहरू, तिनीहरूको बिचमा NRNA ठिक त्यसैको मुनि NCC The Netherlands लेखिएको, अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको ठिक माथि दुई हिमालयको चुचुराहरूको बिचमा उदाउँदै गरेको सूर्य र तल अंग्रेजी अक्षरमा “FOR NEPALI, BY NEPALI’’ लेखिएको वाक्य हुनेछ।

## अनुसूची ३

कार्यालयको लेटरहेडको नमुना अंग्रेजीमा भाषामा देहाय बमोजिम हुनेछ ।

## अनुसूची ४

आवेदन फारमको नमुना देहाय बमोजिम हुनेछ ।

## अनुसूची ५

संघको परिचय पत्रको नमुना अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ।

## अनुसूची ६

**शपथ**

म सत्य-निष्ठापूर्वक एवम् विवेकपूर्वक सपथ लिन्छु कि यो विधान र यसको अधीनमा बन्ने नियम, उपनियमहरूको पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएको अख्तियारीको दुरूपयोग गर्ने एवम् पदको गोपनियता भंग गर्ने कार्य गर्ने छैन । म गैरआवासीय नेपाली संघका मूल्य र मान्यताहरूलाई सदा सर्वोत्कृष्टताका साथ आत्मसात गर्ने मेरो प्रतिबद्धता अभिव्यक्त गर्दछु ।